सर्वोच्च अदालत, संयुक्त इजलास

माननीय न्यायाधीश श्री केदारप्रसाद चालिसे

माननीय न्यायाधीश श्री सपना प्रधान मल्ल

<u>आदेश</u>

रिट नं.०७५-WH-००५०

<u>मुद्दा:- बन्दीप्रत्यक्षीकरण।</u>

छवाङ गुरुङको छोरा, जिल्ला मनाङ, खाङसार गा.वि.स.वडा नं.३ को परिवर्तित नेस्याङ गा.वि.स.वडा नं.९ घर भै काठमाडौं जिल्ला, काठमाडौं म.न.पा.वडा नं.४ गैरीधारा बस्ने हाल कारागार कार्यालय नख्खुमा थुनामा रहेको वर्ष ७५ को पेम्बा गुरुङ ....१ — निवेदक

विरुद्ध

कारागार कार्यालय नख्खु ललितपुर..........................................................१

कारागार व्यवस्थापन विभाग, कालिकास्थान, काठमाडौं.................................१

नेपाल सरकार, गृह मन्त्रालय, सिंहदरबार, काठमाडौं......................................१ — विपक्षी

चितवन राष्ट्रिय निकुञ्ज कार्यालय, कसरा, चितवन.........................................१

उच्च अदालत पाटन, हेटौंडा ईजलास, हेटौंडा.................................................१

नेपालको संविधानको धारा ४६ तथा १३३(२)(३) बमोजिम यसै अदालतको क्षेत्राधिकार भित्रको भई दायर हुन आएको प्रस्तुत निवेदनको संक्षिप्त तथ्य एवं आदेश यस प्रकार छ:-

<u>तथ्य खण्ड</u>

१. म निवेदक विरुद्ध नेपाल सरकारले दायर गरेको वन्यजन्तु संरक्षण ऐन, २०२९ अन्तर्गतको मुद्दामा चितवन राष्ट्रिय निकुञ्ज कार्यालयले मिति २०७१।८।१० गते १४ वर्ष ६ महिना कैद

र रु.एक लाख जरिवाना हुने ठहऱ्याई फैसला गरेकोमा उक्त फैसला बिरुद्ध म निवेदकले तत्कालिन पुनरावेदन अदालत हेटौंडासमक्ष पुनरावेदन गर्दा उक्त अदालतबाट सुरु फैसलालाई केही उल्टी गरी मलाई १० वर्ष कैद र रु.पचास हजार जरिवाना हुने ठहर गरी मिति २०७२।३।२९ मा फैसला भएको थियो। उपरोक्त फैसलाहरु हुँदा म निवेदकको उमेर क्रमशः ७१ र ७२ वर्ष भैसकेको देखिदा देखिदै पनि दुवै तहका न्यायिक निकायहरुबाट जेष्ठ नागरिक सम्बन्धी ऐन, २०६३ को दफा १२ अनुसार उमेरको हदको आधारमा हुने कैद छुटको सम्बन्धमा कुनै संबोधन नै गरिएन । सुरु फैसला गर्ने चितवन राष्ट्रिय निकुञ्जको कार्यालयमा म निवेदकले आफू जेष्ठ नागरिक भएकोले मलाई ठेकिएको कैदको लगतमा सुविधा पाउँ भनी मिति २०७४।९।१४ मा निवेदन दिएकोमा उक्त कार्यालयबाट निवेदन माग बमोजिम यस कार्यालय (अर्धन्यायिक निकाय) भएकोले कैदमा छुट दिने आदेश गर्न मिलेन भनी आदेश भएकोले सो आदेश उपर मुलुकी ऐन, अ.बं.१७ नं. बमोजिम उच्च अदालत पाटन हेटौंडा इजलासमा निवेदन गर्दा उक्त अदालतबाट मिति २०७५।१।१३ मा निवेदकको मुद्दा हाल यस अदालतको मातहतमा विचाराधिन नरही तत्कालिन पुनरावेदन अदालतबाट निवेदकलाई १० वर्ष कैद र रु.१०,०००।- जरिवाना गर्ने ठहऱ्याई मिति २०७२।३।२९ मा फैसला भई सोही फैसला अनुसार कैदको लगतमा कैद सजाय भोगिरहेको देखिंदा प्रस्तुत विषय अ.बं.१७ नं. को क्षेत्राधिकारभित्र नपर्ने देखिदा निवेदन माग बमोजिमको सुविधा प्रस्तुत निबेदनबाट दिन मिलेन भनी आदेश भएको हुँदा विपक्षीहरुको उपरोक्त कार्य नेपालको संविधानद्वारा प्रदत्त हक विपरित हुनुको साथै प्रचलित कानून समेतको विपरित भएकोले प्रस्तुत निवेदन लिई उपस्थित भएको छु।

२. म निवेदक ७५ वर्षको वृद्ध भएकोले मलाई विभिन्न रोगहरुको लाग्नुको साथै मुख्य रुपमा अर्बुद रोगबाट पिडित भएर जीवन मरणको दोसाधमा रही उपचार गराइरहेको छु। म निवेदकलाई तत्कालिन पुनरावेदन अदालतबाट तोकिएको जरिवाना रकम मैले यसअघि नै दाखिला गरिसकेको छु र कैदको हकमा करिब ८० प्रतिशत कैद भुक्तान गरिसकेको छु। जेष्ठ नागरिक सम्बन्धी ऐन, २०६३ को दफा १२ (१)(ख) अनुसार म निवेदकले उमेरको हदको आधारमा कैदको ५० प्रतिशतसम्म छुट पाउनु पर्ने थियो । उक्त दफा फैसला गर्दा कै अवस्थामा अनिवार्य रुपमा प्रयोग गर्नुपर्नेमा सो नगरेको कारण म निवेदकले आफूलाई ठेकिएको कैदको लगतमा सुविधा पाउँ भनी निवेदन दिंदा समेत कानूनले नै उमेर हदको

आधारमा कैद सजायमा छुट दिनु पर्ने गरी स्पष्ट व्यवस्था गरी राखेकोमा सो को पनि सम्बन्धित निकायबाट पालना नभएको हुँदा म निवेदकको नेपालको संविधानको धारा १६, १७, १८, २०, ४१ द्वारा प्रदत्त हक हनन् भएको हुनाले सोही संविधानको धारा ४६, १३३(२)(३) बमोजिम बन्दीप्रत्यक्षीकरण लगायत अन्य जो चाहिने आज्ञा आदेश वा पुर्जी जारी गरी म निवेदकलाई गैरकानूनी थुनाबाट मुक्त गरी पाउँ भन्ने समेत व्यहोराको निवेदक पेम्बा गुरुङको निवेदन पत्र ।

३. निवेदक पेम्बा गुरुङ मुद्दा नं. ०७१-CR-०७९६ को गैंडा मारी खाग बिक्री व्यवसाय मुद्दामा पाएको कैद सजाय बमोजिम हालसम्म पनि थुनामा रहे नरहेको सम्बन्धमा कारागार कार्यालय नख्खु, ललितपुरबाट जवाफ मगाई प्राप्त भई आएपछि नियमानुसार गरी पेश गर्नु भनी यस अदालतबाट मिति २०७५।७।९ मा भएको आदेश।

४. यसमा के कसो भएको हो? निवेदकको माग बमोजिमको आदेश किन जारी हुनु नपर्ने हो? आदेश जारी हुनु नपर्ने कुनै आधार र कारण भए बाटाका म्यादबाहेक ५ दिनभित्र महान्यायाधिवक्ताको कार्यालयमार्फत लिखित जवाफ पेश गर्नु भनी यो आदेश र निवेदनको प्रतिलिपिसमेत साथै राखी विपक्षीहरुको नाउँमा म्याद सूचना जारी गरी लिखित जवाफ परे वा अवधि व्यतित भएपछि नियमानुसार गरी पेश गर्नु भनी यस अदालतबाट मिति २०७५।८।५ मा भएको आदेश।

५. निवेदक पेमा गुरुङ्ग भन्ने पेम्बा गुरुङ्गले गैरकानूनी रुपमा कैदमा राखेको र आफू जेष्ठ नागरिक भएकोले जेष्ठ नागरिक ऐन, २०६३ को दफा १२ बमोजिम कैदमा छुट दिई कारागारबाट मुक्त हुन पाउनु पर्ने माग दावी गर्नु भएकोमा जेष्ठ नागरिक ऐन, २०६३ को प्रावधान कार्यान्वयन गर्न विधि र प्रकृया बनि नसकेकोले यस विभागले निवेदकलाई कैदबाट छुटकारा दिन नसकेको हो। साथै रिट निवेदक पेमा भन्ने पेम्वा गुरुङ्गको जावलाखेलस्थित अल्का अस्पतालमा उपचारको क्रममा मिति २०७५।६।२४ गते बिहान २ बजे मृत्यु भएको भन्ने कारागार कार्यालय नख्खुको च.नं.२०८७ मिति २०७५।६।२४ को पत्रबाट यस विभागमा जानकारी प्राप्त भएको हुँदा प्रस्तुत रिट निवेदन खारेज गरी पाउँ भन्ने समेत व्यहोराको विपक्षी कारागार व्यवस्थापन विभागको लिखित जवाफ।

६. नेपाल जेष्ठ नागरिक सम्बन्धी ऐन, २०६३ को दफा १२ को उपदफा (१) मा प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि सरकार वादी भई चलेको कुनै मुद्दामा कैद सजाय

पाई कैद भोगिरहेको ज्येष्ठ नागरिकलाई निजको उमेर र कसुरको अवस्था हेरी छुट दिन सकिनेछ। जस अन्तर्गत पैंसठ्ठी वर्ष उमेर पूरा भई सत्तरी वर्ष ननाघेको ज्येष्ठ नागरिकलाई पच्चीस प्रतिशतसम्म, सत्तरी वर्ष उमेर पूरा भई पचहत्तर वर्ष ननाघेको ज्येष्ठ नागरिकलाई पचास प्रतिशतसम्म र पचहत्तर वर्ष उमेर पूरा भएका ज्येष्ठ नागरिकलाई पचहत्तर प्रतिशतसम्म कैदमा छुट दिन सक्ने व्यवस्था छ। नेपाल सरकारले के कस्ता कैदी बन्दीलाई छुट दिने भन्ने बारेमा निर्णय गर्न पाउने नै हुँदा प्रचलित कानून तथा कार्यविधिमा भएको व्यवस्था बमोजिम विशेष अवसरमा त्यस्तो प्रकारको छुट दिँदै आइरहेकै छ। कैदको सजाय छोट्याउन "सकिनेछ" भन्नेसमेतको व्यवस्थाले निजको कैद अवधि छोट्याउनु पर्ने बाध्यात्मक अवस्था होइन। साथै सम्बन्धित निकायको सिफारिसको आधारमा नेपाल सरकारले कैद माफी मिनाहाको निर्णय गर्ने नै हुँदा प्रत्यर्थी मन्त्रालयलाई विपक्षी बनाउनुको कुनै औचित्य देखिँदैन। गृह मन्त्रालय प्रचलित कानूनको अधिनमा रही आफ्नो नियमित काम कारवाही गर्दै आएको र गृह मन्त्रालयको के कस्तो काम कारबाहीबाट रिट निवेदक गैरकानूनी रुपमा थुनामा रहन गएको हो भन्ने वस्तुनिष्ठ आधार र कारणसमेत निवेदनमा उल्लेख भएको नदेखिँदा प्रस्तुत निवेदन खारेज गरी पाउँ भन्ने समेत व्यहोराको विपक्षी नेपाल सरकार, गृह मन्त्रालयको लिखित जवाफ।

७. ज्येष्ठ नागरिक अधिकार ऐन, २०६३ को दफा १२ बमोजिमको सुविधा पाउँ भनी दिएको निवेदनमा चितवन जिल्ला अदालतबाट मिति २०७४।८।१ मा र चितवन राष्ट्रिय निकुञ्जबाट भएको आदेश बदर गरिपाउँ भनी मुलुकी ऐन अ.बं.१७ नं. बमोजिम निवेदकले यस अदालतमा निवेदन दिएको र निवेदकको मुद्दा हाल यस अदालतको मातहतमा विचाराधिन नरही तत्कालिन पुनरावेदन अदालतबाट मुद्दा नं. ०७१-CS-०७९६ को मुद्दामा निवेदकलाई १० वर्ष कैद र रु.५०,०००।- जरिवाना गर्ने ठहर्‍याई मिति २०७२।३।२९ मा फैसला भई सोही फैसला अनुसारको कैद सजाय भोगिरहेको देखिँदा प्रस्तुत विषय अ.बं. १७ नं. को क्षेत्राधिकारभित्र नपर्ने देखिँदा निवेदन माग बमोजिमको सुविधा प्रस्तुत निवेदनबाट दिन मिलेन भनी यस अदालतबाट मिति २०७५।१।१३ मा आदेश भएको हुँदा यस अदालतबाट भएका काम कारबाहीले निवेदकको कुनै पनि हकमा आघात परेको नहुँदा प्रस्तुत रिट निवेदन खारेज गरी पाउँ भन्ने समेत व्यहोराको विपक्षी उच्च अदालत पाटन, हेटौंडा इजलासको लिखित जवाफ।

८. चितवन राष्ट्रिय निकुञ्ज कार्यालय कसराबाट मिति २०७१।८।१० मा भएको पुरक फैसला बमोजिम प्रतिवादी पेमा गुरुङ भन्ने पेम्बा गुरुङलाई राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा ११(१) ले निषेध गरेको कुसर अपराधमा निज पकाउ परेको मिति २०६९।६।२६ गतेदेखि लागु हुने गरी १४ वर्ष ६ महिना कैद र रु.१,००,०००।- जरिवाना हुने ठहर भएको हुँदा निजलाई यस कार्यालयबाट मिति २०७१।११।१० मा कैदी पुर्जी दिई कैदमा रहेकोमा सो फैसला उपर पुनरावेदन परी पुनरावेदन अदालत हेटौंडाबाट मिति २०७२।३।२९ मा फैसला हुँदा निज प्रतिवादी पेम्बा गुरुङलाई सुरु चितवन राष्ट्रिय निकुञ्ज कार्यालय कसराको फैसलामा केहि उल्टी भई १० वर्ष कैद र रु.५०,०००।- जरिवाना हुने ठहरी फैसला भएको थियो । जेष्ठ नागरिक सम्बन्धी ऐन, २०६३ को दफा १२ मा उमेरको हदको आधारमा कैद छुटको व्यवस्था भए तापनि सो छुट सुबिधा नेपाल सरकारले निर्णय गरी दिने व्यवस्था भएकोले यस कार्यालयबाट कैदमा छुट नदिइएको र यस कार्यालयबाट भएको काम कारवाहीबाट निवेदकको कुनै पनि हकमा आघात परेको नहुँदा प्रस्तुत निवेदन खारेज गरी पाउँ भन्ने समेत व्यहोराको विपक्षी चितवन राष्ट्रिय निकुञ्ज कार्यालय, कसराको लिखित जवाफ।

९. बादी नेपाल सरकार प्रतिवादी पेमा गुरुङ भन्ने पेम्बा गुरुङलाई चितवन राष्ट्रिय निकुञ्जको च.नं.३६१५ मिति २०७३।०२।२५ को संशोधित कैदी पूर्जी बमोजिम गैंडालाई मारी खाग बिक्री बितरण गरेको मुद्दामा यस कारागारमा थुनामा राखिएको र निज बिरामी भई उपचारको क्रममा मिति २०७५।०६।२४ गते अल्का अस्पताल, ललितपुरमा मृत्यु भई हाल यस कारागारमा थुनामा नरहेको हुँदा सोको जानकारी यस कार्यालयको च.नं.२६१४ मिति २०७५।०८।०३ को पत्रमार्फत सर्वोच्च अदालतलाई गराई सकिएकोले प्रस्तुत रिट निवेदन खारेज गरी पाउँ भन्ने समेत व्यहोराको विपक्षी कारागार कार्यालय नख्खु, ललितपुरको लिखित जवाफ।

## <u>आदेश खण्ड</u>

१०. नियम बमोजिम आजको दैनिक पेशी सुचिमा चढी निर्णयार्थ इजलास समक्ष पेश हुन आएको प्रस्तुत रिट निवेदनमा निवेदकको तर्फबाट इजलासमा कोही पनि उपस्थित नहुनु भएको र विपक्षी नेपाल सरकारको तर्फबाट उपस्थित हुनु भएका विद्वान सह न्यायाधिवक्ता श्री श्याम कुमार भट्टराईले निवेदक प्रतिवादी पेमा गुरुङ भन्ने पेम्बा गुरुङलाई चितवन राष्ट्रिय

निकुञ्जको फैसला बमोजिम गैंडालाई मारी खाग बिक्री वितरण गरेको मुद्दामा कारागारमा थुनामा राखिएकोमा निज बिरामी भई उपचारको क्रममा मिति २०७५।०६।२४ गते अल्का अस्पताल, ललितपुरमा मृत्यु भई हाल कारागार कार्यालय नख्खु ललितपुरमा थुनामा नरहेको हुँदा प्रस्तुत रिट निवेदन खारेज गरी पाउँ भनी बहस प्रस्तुत गर्नुभयो।

११. अब प्रस्तुत निवेदनमा निवेदकको माग बमोजिम विपक्षीहरुका नाउँमा बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने हो होइन ? भन्ने विषयमा निर्णय दिनुपर्ने देखिन आयो।

१२. निर्णयतर्फ विचारगर्दा, म निवेदक विरुद्ध वन्यजन्तु संरक्षण ऐन, २०२९ अन्तर्गतको मुद्दामा चितवन राष्ट्रिय निकुञ्ज कार्यालयले मिति २०७१।८।१० गते, १४ वर्ष ६ महिना कैद र रु. एक लाख जरिवाना हुने ठहराई फैसला गरेकोमा उक्त फैसला विरुद्ध म निवेदकले तत्कालिन पुनरावेदन अदालत हेटौंडासमक्ष पुनरावेदन गर्दा उक्त अदालतबाट सुरु फैसलाई केही उल्टी भई १० वर्ष कैद र रु.पचास हजार जरिवाना हुने ठहर गरी मिति २०७२।३।२९ मा फैसला भएकोमा दुबै तहका न्यायिक निकायहरुबाट जेष्ठ नागरिक सम्बन्धी ऐन, २०६३ को दफा १२ अनुसार उमेरको हदको आधारमा हुने कैद छुटको सम्बन्धमा कुनै संबोधन नै नगरिएको र म निवेदक ७५ वर्षको वृद्ध भएको हुँदा जेष्ठ नागरिक सम्बन्धी ऐन, २०६३ बमोजिम कैद सजायमा छुट नदिई गैरकानूनी रुपमा थुनामा नै राखेकोले मैले फैसला बमोजिमको जरिवाना समेत दाखेल गरी करिब ८० प्रतिशत कैद भुक्तान गरिसकेको हुँदा नेपालको संविधान बमोजिम बन्दीप्रत्यक्षीकरण लगायत अन्य जो चाहिने आज्ञा आदेश जारी गरी म निवेदकलाई गैरकानूनी थुनाबाट मुक्त गरी पाउँ भन्ने निवेदकको निवेदन माग दावी रहेको देखियो ।

१३. जेष्ठ नागरिक ऐन, २०६३ को प्रावधान कार्यान्वयन गर्न विधि र प्रकृया बनि नसकेकोले यस विभागले निवेदकलाई कैदबाट छुटकारा दिन नसकेको र निवेदक पेमा भन्ने पेम्बा गुरुङको मिति २०७५।६।२४ गते मृत्यु भएको भन्ने कारागार कार्यालय नख्खुको च.नं.२०८७ मिति २०७५।६।२४ को पत्रबाट यस विभागमा जानकारी प्राप्त भएको हुँदा प्रस्तुत रिट निवेदन खारेज गरी पाउँ भन्ने विपक्षी कारागार व्यवस्थापन विभागको लिखित जवाफ रहेको देखियो।

१४. नेपाल सरकारले के कस्ता कैदी बन्दीलाई छुट दिने भन्ने बारेमा निर्णय गर्न पाउने नै हुँदा प्रचलित कानून तथा कार्यविधिमा भएको व्यवस्था बमोजिम विशेष अवसरमा त्यस्तो प्रकारको

छुट दिँदै आइरहेकै छ। सम्बन्धित निकायको सिफारिसको आधारमा नेपाल सरकारले कैद माफी मिनाहाको निर्णय गर्ने नै छ । गृह मन्त्रालयको के कस्तो काम कारबाहीबाट रिट निवेदक गैरकानूनी रुपमा थुनामा रहन गएको हो भन्ने वस्तुनिष्ठ आधार र कारणसमेत निवेदनमा उल्लेख भएको नदेखिँदा प्रस्तुत निवेदन खारेज गरी पाउँ भन्ने विपक्षी नेपाल सरकार, गृह मन्त्रालयको लिखित जवाफ रहेको देखियो।

१५. ज्येष्ठ नागरिक अधिकार ऐन, २०६३ को दफा १२ बमोजिमको सुविधा पाउँ भनी दिएको निवेदनमा चितवन जिल्ला अदालतबाट मिति २०७४।८।१ मा र चितवन राष्ट्रिय निकुञ्जबाट भएको आदेश बदर गरिपाउँ भनी मुलुकी ऐन अ.बं.१७ नं. बमोजिम निवेदकले यस अदालतमा निवेदन दिएको र निवेदकको मुद्दा हाल यस अदालतको मातहतमा विचाराधिन नरही तत्कालिन पुनरावेदन अदालतबाट निवेदकलाई १० बर्ष कैद र रु.५०,०००।- जरिवाना गर्ने ठहऱ्याई मिति २०७२।३।२९ मा फैसला भई सोही फैसला अनुसारको कैद सजाय भोगिरहेको देखिँदा प्रस्तुत विषय अ.बं. १७ नं. को क्षेत्राधिकारभित्र नपर्ने देखिँदा निवेदन माग बमोजिमको सुविधा प्रस्तुत निवेदनबाट दिन मिलेन भनी यस अदालतबाट मिति २०७५।१।१३ मा आदेश भएकोले यस अदालतबाट भएका काम कारवाहीले निवेदकको कुनै पनि हकमा आघात परेको नहुँदा प्रस्तुत रिट निवेदन खारेज गरी पाउँ भन्ने विपक्षी उच्च अदालत पाटन, हेटौंडा इजलासको लिखित जवाफ रहेको देखियो।

१६. यस कार्यालयबाट मिति २०७१।८।१० मा भएको पुरक फैसला बमोजिम प्रतिवादी पेम्बा गुरुङ भन्ने पेम्बा गुरुङलाई राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा १९(१) ले निषेध गरेको कुसर अपराधमा १४ वर्ष ६ महिना कैद र रु.१,००,०००।- जरिवाना हुने ठहर भएको हुँदा निजलाई यस कार्यालयबाट मिति २०७१।११।१० मा कैदी पुर्जी दिई कैदमा रहेकोमा सो फैसला उपर पुनरावेदन परी पुनरावेदन अदालत हेटौंडाबाट मिति २०७२।३।२९ मा फैसला हुँदा निजलाई सुरु चितवन राष्ट्रिय निकुञ्ज कार्यालय कसराको फैसलामा केहि उल्टी भई १० वर्ष कैद र रु.५०,०००।- जरिवाना हुने ठहरी फैसला भएको थियो । जेष्ठ नागरिक सम्बन्धी ऐन, २०६३ को दफा १२ मा उमेरको हदको आधारमा कैद छुटको व्यवस्था भए तापनि सो छुट सुविधा नेपाल सरकारले निर्णय गरी दिने व्यवस्था भएकोले यस कार्यालयबाट कैदमा छुट नदिइएको र यस कार्यालयबाट भएको काम कारवाहीबाट निवेदकको कुनै पनि हकमा आघात परेको नहुँदा प्रस्तुत

निवेदन खारेज गरी पाउँ भन्ने विपक्षी चितवन राष्ट्रिय निकुञ्ज कार्यालय, कसरा चितवनको लिखित जवाफ रहेको देखियो।

१७. प्रतिवादी पेमा गुरुङ्ग भन्ने पेम्बा गुरुङ्गलाई चितवन राष्ट्रिय निकुञ्जको च.नं.३६१५ मिति २०७३।०८।२५ को संशोधित कैदी पूर्जी बमोजिम गैंडालाई मारी खाग बिक्री बितरण गरेको मुद्दामा यस कारागारमा थुनामा राखिएकोमा निजको मिति २०७५।०६।२४ मा मृत्यु भई हाल यस कारागारमा थुनामा नरहेको हुँदा प्रस्तुत रिट निवेदन खारेज गरी पाउँ भन्ने विपक्षी कारागार कार्यालय नक्खु, ललितपुरको लिखित जवाफ रहेको देखियो।

१८. नेपालको संविधानको धारा ४१ मा **"जेष्ठ नागरिकलाई राज्यबाट विशेष संरक्षण तथा सामाजिक सुरक्षाको हक हुनेछ"** र जेष्ठ नागरिक सम्बन्धी ऐन, २०६३ को दफा १२ को उपदफा (१) मा **"प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि सरकार वादी भई चलेको कुनै मुद्दामा कैद सजाय पाई कैद भोगिरहेको ज्येष्ठ नागरिकलाई निजको उमेर र कसुरको अवस्था हेरी देहाय बमोजिमको कैद छुट दिन सकिनेछः- (क) पैंसट्ठी वर्ष उमेर पूरा भई सत्तरी वर्ष ननाघेको ज्येष्ठ नागरिकलाई पच्चीस प्रतिशतसम्म, (ख) सत्तरी वर्ष उमेर पूरा भई पचहत्तर वर्ष ननाघेको ज्येष्ठ नागरिकलाई पचास प्रतिशतसम्म र (ग) पचहत्तर वर्ष उमेर पूरा भएका ज्येष्ठ नागरिकलाई पचहत्तर प्रतिशतसम्म"** भन्ने व्यवस्था रहेको देखियो।

१९. कारागार कार्यालय नक्खु ललितपुरको लिखित जवाफ समेतबाट निवेदक पेमा गुरुङ्ग भन्ने पेम्बा गुरुङ्गको उपचारको क्रममा मिति २०७५।०६।२४ गते अल्का अस्पताल, ललितपुरमा मृत्यु भई सकेको भन्ने देखिन्छ। नेपालको संविधानमा रहेको नेपाली नागरिकको मौलिक अधिकार एवं जेष्ठ नागरिकको सामाजिक सुरक्षा समेतको हक र जेष्ठ नागरिक सम्बन्धी ऐन, २०६३ को दफा १२ को उपदफा (१) मा रहेको कानूनी व्यावस्था समेतको आधारमा जेष्ठ नागरिकको मर्म अनुसार निवेदकले उठाएको विषयवस्तु गम्भिर प्रकृतिको देखिएको र संविधान तथा कानूनले दिएको सुविधाको माग गर्दा गर्दै निवेदकले मृत्यु बरण गर्न बाध्य भएको भन्ने देखिदा कानून र मौलिक अधिकार समेतको उपहास भएको देखिई रिट जारी हुन सक्ने अवस्था रहेता पनि निवेदकको मृत्यु भई सकेको भन्ने देखिएकोले प्रस्तुत रिट निवेदनको औचित्य नै समाप्त भई सकेको हुँदा प्रस्तुत निवेदनको विषय भित्र प्रवेश गरी रहनु पर्ने देखिन नआएकोले रिट निवेदन खारेज हुने ठहर्छ।

२०. तर निवेदकले माग गरेको विषय र मुद्दाको शुरुवातदेखि नै जेष्ठ नागरिकको सजाय छुटको माग गर्दा गर्दै न्यायिक प्रकृयाको दौरानमा निजको मृत्यु भएको अवस्थालाई मध्यनजर राख्दा निम्न लिखित आदेश जारी गरिदिएको छ ।

क. जेष्ठ नागरिकलाई नेपालको संविधानले गरेको विशेष संरक्षण तथा जेष्ठ नागरिक ऐन, २०६३ को दफा १२(१) मा रहेको कानूनी व्यवस्था समेतको आधारमा जेष्ठ नागरिकको हैसियतले कैदको छुट पाउँ भनी निवेदकले माग गरेको देखिन्छ। संविधान र कानूनले सजायमा विशेष छुटको व्यवस्था गर्ने र सो छुटको माग गर्दा सजाय गर्ने अधिकारी, अदालत वा कारागारबाट समेत निर्णय नगरी अनिर्णित अवस्थामा नै वृद्ध तथा शारिरिक अशक्तताको कारणले निवेदक पेम्बा गुरुङले मिति २०७५।०६।२४ मा कारागारमा नै मृत्युवरण गर्नुले संविधान र कानूनको मर्म नै मर्न पुगेको देखिन्छ। कानून र नियममा जेष्ठ नागरिकको सजाय छुट दिने अधिकारी को हो भन्ने स्पष्ट व्यवस्था नभएको सन्दर्भमा कैदको सजाय छुट दिन सक्ने अधिकारी तत्काले किटान गर्नु पर्ने अवस्था देखिएकोले कैदको सजाय छुट दिन सक्ने अधिकारी तत्कालै किटान गर्नु गराउनु तथा उमेर हद अनुसार पचिस, पचास र पचहत्तर प्रतिशतसम्म छुट दिन सक्ने कानूनी व्यवस्था भएकोले छुट दिने तथा प्रतिशत निर्धारण गर्ने आधार समेत निर्धारण गर्नको निमित्त आवश्यक पर्ने नियम/कार्यविधि तत्कालै बनाउन समेत नेपाल सरकार, गृह मन्त्रालयको नाममा यो निर्देशनात्मक आदेश जारी गरिदिएको छ।

ख. हाल नियम/कार्यविधि र कैद सजाय छुट दिन सक्ने अधिकारी किटान नभएको कारणले संवैधानिक र कानूनी व्यवस्थाको कार्यान्वयन शुन्यताको अवस्थामा पुग्न जाने हुँदा संविधानले नै विशेष संरक्षण गरेको जेष्ठ नागरिक कैदीहरुको हकमा जेष्ठ नागरिक ऐन, २०६३ को दफा १२ अनुसार कैद छुट दिन सकिने कैदीहरुको हकमा यो आदेश प्राप्त भएको १५ दिनभित्र कानूनले तोकिको उमेर हद अनुसार सजाय छुट पाउन सक्ने कैदीहरुको उमेर अनुसारको सजाय प्रतिशत छुट तथा कसूरको सूची समेत तयार गर्नु गराउनु भन्ने कारागार व्यवस्थापन विभाग, कालिकास्थान काठमाडौंको नाममा यो निर्देशनात्मक आदेश जारी गरिदिएको छ।

यसैगरी उच्च अदालत र जिल्ला अदालतहरुले उच्च अदालत नियमावली, २०७३, जिल्ला अदालत नियमावली, २०७५ र कारागार ऐन, २०१९ को दफा १८ को अधिकारसमेत प्रयोग गरी यो आदेश प्राप्त भएको १५ दिनभित्र आफू मातहतका वा आफ्नो क्षेत्र भित्र रहेका कारागारमा निरीक्षण गरी जेष्ठ नागरिक ऐन, २०६३ को दफा १२(१) अनुसार कैद छुट दिन सक्ने उमेर हद, शारीरिक एवं मानसिक अवस्था तथा कसूरको प्रकृतिलाई हेरी तत्कालै छोड्न आदेश दिनु पर्ने लागेमा छुटको प्रतिशत कायम गरी छुट दिनु पर्ने भए आवश्यक निर्णय लिनु भनी सम्पूर्ण उच्च अदालत र जिल्ला अदालतहरुको नाममा यो आदेश जारी गरिदिएको छ।

ग. कानून र नियममा जेष्ठ नागरिकको सजाय छुट दिने अधिकारी हालसम्म किटान भई नसकेको र नियम/कार्यविधि समेत नभएको कारणले वर्तमान अन्यौलता हटाउन जेष्ठ नागरिक ऐन, २०६३ को दफा १२(१) को सजाय छुट प्राप्त गर्न सक्ने उमेर पुरा भई योग्य भएको व्यक्तिको हकमा सजाय निर्धारण गर्दा ठेकिएको कैद सजायमा जेष्ठ नागरिकहरुले कानून अनुसार पाउने कैद छुटको सजाय दिनु पर्ने देखिएमा छुट दिई सजाय निर्धारण गर्न सम्पूर्ण उच्च तथा जिल्ला अदालतहरुको नाममा यो आदेश जारी गरिदिएको छ।

घ. साथै मुद्दा हेर्ने र सजाय निर्धारण गर्ने अर्धन्यायिक निकायको हकमा समेत सजाय निर्धारणको अधिकार राख्नेले फैसलामा कैदको छुट दिने लगत राख्ने अख्तियारी छैन भनी भन्न मिल्ने देखिंदैन। नेपालको संविधानले नै जेष्ठ नागरिकलाई विशेष संरक्षणको व्यवस्था गरेको, जेष्ठ नागरिकको लागि विशेष कानूनसमेत निर्माण गर्न सक्ने व्यवस्था गरेको परिप्रेक्ष्यमा निर्मित जेष्ठ नागरिकको उमेर, शारीरिक र मानसिक अवस्थाको कारणले आवश्यक कानून प्रदत्त अधिकार तथा सुविधाको कार्यान्वयनको निमित्त जिम्मेवार निकाय सक्रिय र संवेदनशिल हुन र गराउन समेत सम्बन्धित निकायहरुलाई यो निर्देशनात्मक आदेश जारी गरिदिएको छ।

२१. यो आदेशको कार्यान्वयनका लागि आदेशको प्रतिलिपि सहित आदेशको जानकारी सर्वोच्च अदालतका मुख्य रजिष्ट्रार मार्फत मातहतका अदालतहरुलाई र महान्यायाधिवक्ताको

कार्यालयलाई समेत दिई प्रस्तुत रिट निवेदनको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाई दिनू ।

न्यायाधीश

उक्त रायमा सहमत छु ।

न्यायाधीश

इजलास अधिकृत: नारदप्रसाद भट्टराई

कम्प्युटर: अमिररत्न महर्जन

इति सम्वत् २०७५ साल माघ १ गते रोज ३ मा शुभम्..............................